# परशुराम नगरपालिका

## आर्थिक वर्ष २०८२ /०८३

## नीति तथा कार्यक्रम



२०८२ असार ०७ गते, शनिबार

**नगर प्रमुख श्री भरत बडायर जोशीद्वारा परशुराम नगरपालिकाको नगरसभाको १७ औं अधिवेशनमा मिति २०८२ असार ०७ गते शनिबारका दिन प्रस्तुत आगामी आ. व. २०८२/०८३ को नीति तथा कार्यक्रम**

**परशुराम नगरपालिकाका उपप्रमुख ज्यू.**

**प्रमुख प्रशासकीय अधिकृत ज्यू,**

**नगरसभा सदस्यज्यूहरु,**

**राष्ट्रसेवक कर्मचारिहरु,**

**तथा सम्पूर्ण नगरवासी आम महानुभावहरु,**

सर्वप्रथम परशुराम नगरपालिका, नगरसभाको १७ औं नगर अधिवेशनमा उपस्थित सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्दछु । परशुराम नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष पेस गर्न पाउँदा मलाई गौरब तथा खुशीको अनुभूती भएको छ ।

यस अवसरमा म सात दशक लामो लोकतान्त्रिक संघर्षपूर्ण यात्राका विभिन्न कालखण्डमा गौरबपूर्ण सहादत प्राप्त गर्ने अमर सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

लोकतान्त्रिक आन्दोलनको आदर्श र चेतनालाइ जीवित राख्न तथा स्थानीय सरकारको सबलता एवं सुदृढिकरणमा योगदान गर्नु हुने सवै प्रति उच्च सम्मान प्रकट गर्दछु ।

गत आर्थिक वर्षमा नगरसभाले स्वीकृत गरेका नीति तथा कार्यक्रमबाट प्राप्त मार्गदर्शन तथा बजेट कार्यक्रमबाट प्राप्त उपलब्धीको समीक्षा र आमनगरवासीको सुझावलाई समेट्दै आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

परशुरामको पहिचान, विशिष्ट आवश्यकता, युवाका आकांक्षा एवं नगरवासीको उत्कृष्ट चाहनालाई सम्बोधन गर्ने लक्ष्य राखी नीति तथा कार्यक्रम तयार गरेको छु ।आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तयार गर्दा निम्न पक्षलाई मुख्य मार्गदर्शनको रुपमा लिएको छु ।

- नेपालको संविधान
- सोह्रौं आवधिक योजना
- सुदूरपश्चिम प्रदेश पञ्चवर्षीय योजना
- दीगो विकासका लक्ष्य
- नेपाल सरकारका सान्दर्भिक नीतिहरु
- नेपाल सरकारले गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धता
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७४
- भवन निर्माण मापदण्ड, २०७२
- स्थानीय तहहरुको संस्थागत क्षमता स्वमूल्यांकन प्रणाली (LISA) ले निर्दिष्ट गरेका व्यवस्थाहरु
- नेपाल सरकार र प्रदेश सरकारका नीति, ऐन, नियम तथा कार्यविधिहरु
- परशुराम नगरपालिकाका नीति, ऐन, नियम तथा कार्यविधिहरु
- नेपाल सरकार र सुदूरपश्चिम प्रदेश सरकारका आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रम

साथै बस्ती, टोल र वडा भेला, राजस्व परामर्श समिति, स्रोत अनुमान तथा प्रक्षेपण समिति, बजेट तथा योजना तर्जुमा समिति लगायत विषयगत समितिबाट पारित भई आएका निर्णयहरु, परशुराम बासीका आवश्यकता, आकांक्षा, सुझाव तथा मागलाई समेत मार्गनिर्देशनको रुपमा लिएको छु ।

अब म परशुराम नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ मा अवलम्बन गरिने नीति तथा कार्यक्रम विषयगत रुपमा सम्मानित नगरसभा समक्ष प्रस्तुत गर्दछु ।

**नगरसभा सदस्यज्यूहरु,**

## शिक्षा

1. प्राविधीक तथा ब्यावसायिक शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीहरुका लागि शैंक्षिक ऋणको ब्यवस्था लाई निरन्तरता दिईने छ ।
2. नगरभित्रका महिलाहरुको शैक्षिक उन्नयन र विकासका लागि उच्च शिक्षा अध्ययनमा सहुलियत प्रदान गर्न **"छोरी बुहारी छात्रवृत्ति कार्यक्रम"** लाई थप ब्यवस्थित गरी निरन्तरता दिइने छ।
3. नगरपालिका भित्रका विद्यालयहरुमा आवश्यकता अनुसार दरवन्दी मिलान र विद्यालय समायोजन गर्ने नीति लाई थप ब्यबस्थित गरी निरन्तरता दिईने छ ।
4. तहगत परीक्षा प्रणालीमा उत्कृष्ट हुने विद्यालय तथा विद्यार्थीलाई पुरस्कृत एवम् सम्मान गर्ने नीति लाई निरन्तरता दिईने छ ।
5. **"School Sports"** कार्यक्रम सञ्चालन गरी आधारभुत तहका विद्यार्थीहरुका बिच अन्तर विद्यालय प्रतिस्पर्धा गराइने छ ।
6. **"स्वस्थ विद्यार्थी, परशुरामका सम्पत्ती"** अभियान अन्तरगत विद्यालयमा स्वास्थ्य परीक्षण गरी **"Student Health Profile"** कार्यक्रमलाई निरन्तरता दिइने छ ।
7. स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तकको निर्माण गरि समय सापेक्ष परिमार्जन गरिने छ।
8. परशुरामका बिद्यार्थीहरुलाई प्रविधि मैत्री सिकाई तथा अध्ययन गर्न स्मार्ट कक्षा कोठा संचालनमा ल्याइने छ ।
9. मापदण्डका आधारमा उत्कृष्ट शिक्षक तथा विद्यालय छनौट गरी पुरस्कृत एवम प्रोत्साहनको वातावरण सिर्जना गरिने छ ।

10. माध्यमिक तहमा विज्ञान संकाय र प्राविधिक धार सञ्चालन भइरहेका विद्यालयहरुको दिगो शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रतिस्पर्धात्मक क्षमता विकासका लागि अनुदान व्यवस्थापनको कार्यलाई निरन्तरता दिइने छ।

11. फरक क्षमता भएका बालबालिकाको शिक्षामा सहज, समन्यायिक एवम् समावेशी पहुँच सुनिश्चितताका लागि सहायक सामग्री तथा आवश्यक व्यवस्थापन गरिने छ।

12. प्रधानाध्यापकहरुको सहभागिता रहने गरी **"प्रधानाध्यापक क्लब" (Principals' Club)** को गठन गर्नुका साथै प्रधानाध्यापकहरूलाई कार्य सम्पादन मूल्याङ्कनको आधारमा प्रोत्साहन दिइने छ ।

13. पूर्व शिक्षक तथा सेवा निबृत कर्मचारी समाज निर्माण गरि शैक्षिक गुणस्तर अभिबृद्धी अभियान संचालन गरिने छ ।

14. अभिभावक शिक्षा सचेतना कार्यक्रम संचालन गरिने छ ।

15. त्रिवेणी बहुमुखी क्याम्पसमा उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यार्थीलाई सामुदायिक विद्यालयको रिक्त शिक्षक पदमा स्वयंसेवकको रूपमा अध्यापन गर्ने व्यवस्था मिलाइने छ ।

16. **"शुक्रबार सिकाइको बार"** भन्ने अवधारणा अनुरुप सामुदायिक विद्यालयमा सिर्जनात्मक एवम रचनात्मक क्रियाकलापलाई निरन्तरता दिईने छ ।

17. विद्यालय तहबाटै नवप्रवर्तनलाई प्रोत्साहन गर्न सामुदायिक माध्यमिक विद्यालयमा **"STEM Lab"** को अवधारणाको सुरुवात गरिने छ ।

18. कक्षा ११ र १२ मा अध्ययन गर्ने बिधार्थीहरुलाई पूर्ण छात्रवृत्ति प्रदान गर्ने निति अबलम्बन गरिने छ।

19. परशुराम नगरपालिका भित्र प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीलाई इन्टर्नशिपको व्यवस्था तथा उत्कृष्ट बिद्यार्थीलाई छोटो अवधिको रोजगार उपलब्ध गराइने छ ।

20. बिद्यालय शिक्षकहरुलाई प्रविधीमैत्री तथा क्षमता बिकासका लागि शैक्षिक तालिमको ब्यबस्था गरिने छ ।

21. आवश्यकताको आधारमा विद्यालयहरूमा यातायात तथा आवासीय भवनको व्यवस्था गरिने छ ।

22. SEE को नतिजामा सुधार ल्याउन कक्षा १० मा अध्ययनरत विद्यार्थीका लागि Commando Class सञ्चालन गरिनेछ तथा दुर्गम गाउँका विद्यालयमा विज्ञान तथा गणित शिक्षकको नियमित व्यवस्थापनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

## स्वास्थ्य

23. गर्भवति र सुत्केरी महिला लक्षित निःशुल्क एम्बुलेन्स सेवा तथा सुत्केरी महिलाहरुका लागि उपमेयर कोसेली कार्यक्रम लाई निरन्तरता दिईने छ ।

24. नगरपालिकामा शव बाहनको ब्यवस्था गरिने छ।

25. योग, ध्यान, अध्यात्म, आयुर्वेद, मनोपरामर्श जस्ता वैकल्पिक उपचार पद्धतिलाई थप ब्यवस्थित गरिने छ।

26. "**Mayor Care**" कार्यक्रम अन्तर्गत महिला तथा वालवालिकाका लागि विशेष स्वास्थ्य कार्यक्रम सञ्चालन गरिने छ । साथै, ज्येष्ठ नागरिक र दीर्घरोगीहरुलाई घरदैलोमा नि: शुल्क स्वास्थ्य जाँच तथा नि: शुल्क स्वास्थ्य विमाको प्रवन्ध मिलाइने छ।

27. महिला स्वास्थ्य स्वयंसेविको क्षमता अभिबृद्धिका निम्ति तालिम, प्रोत्साहन, अक्षयकोष स्थापना सञ्चालन तथा सम्मानजनक विदाई कार्यक्रमहरुलाई निरन्तरता दिइने छ।

28. नगरपालिकालाई पूर्णरुपमा पोषणमैत्री नगरपालिकाको रुपमा विकास गर्न पोषण केन्द्रित कार्यक्रमहरुलाई निरन्तरता दिइने छ । यस्तो लक्ष्य हासिल गर्न आगामी आर्थिक वर्ष नगरपालिकाका थप वडाहरुमा पोषणमैत्री कार्यक्रमहरु सञ्चालन गरिने छन।

29. किशोरकिशोरी तथा युवाहरुमा नवीनतम र जटील मानसिक समस्याहरु तथा बढ्दो डिप्रेसन, एन्जाइटी, एक्लोपन, आत्महत्या, लागु पदार्थ दुर्व्यसन, आदिबाट बचावटका लागि मनोपरामर्श र साइकियाट्रिक सेवाको उपलब्धतालाई निरन्तरता दिइने छ।

30. **"स्वस्थ नागरिक समृद्ध समुदाय"** कार्यक्रम अन्तर्गत नगरपालिकाका विभिन्न बस्तिहरुमा बिशेषज्ञ सेवा सहितको स्वास्थ्य शिविर आयोजना गरिने छ ।

३१. परशुराम बासीको उपचारको क्रममा आवश्यक पर्ने रगत र रगतजन्य पदार्थको सहज उपलब्धता गराउन रक्त संचार केन्द्र संचालनमा ल्याइने छ।

३२. **"गाउँघर क्लिनिक कार्यक्रम"** अन्तर्गत प्रत्येक महिना वडाका स्वास्थ्य इकाइमा चिकित्सक सहितको विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गरिने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

३३. मोबाईल स्वास्थ्य सेवाको सुरुवात गरिने छ ।

३४. साँदनी स्वास्थ्य चौकी लाई नगर अस्पतालको रुपमा स्तरोन्नती गर्न आवश्यक पहल गरिने छ ।

## <u>धार्मिक, सांस्कृतिक तथा पर्यटन विकास</u>

३५. **"हाम्रो संस्कृति हाम्रो शान, परशुरामधाम हाम्रो पहिचान"** भन्ने नाराका साथ परशुरामधामको सौन्दर्यकरणलाई नगर गौरबको योजनाको रुपमा निरन्तरता दिइने छ ।

३६. महाकाली नदीमा  र्‍याफ्टिङ लाई व्यावसायिक रूपमा दिगो व्यवस्थापन गर्न आवश्यक पहल गरिने छ।

३७. सुदूरपश्चिममा लोप हुँदै गइरहेका मौलिक कला, संस्कृति, परम्परा आदिको संरक्षण तथा प्रवर्धन गर्न डोटेली संग्राहलयको सुरुवात गरिने छ ।

३८. परशुरामधाम क्षेत्रको धार्मिक, सांस्कृतिक सम्पदा तथा मौलिकता प्रचार–प्रसार गरि आन्तरिक तथा बाह्य पर्यटकका लागि धार्मिक महोत्सवको आयोजना गरिने छ।

३९. **"परशुरामधामः मुलुक र विश्वमा पहिचान"** को नारा सहित यस क्षेत्रलाई धार्मीक एवम् अध्यात्मिक क्षेत्रको रुपमा घोषणा गर्दै अध्यात्म, योग, धार्मीक एवम् माइस पर्यटन र नगरको समृद्धिको वाहकको रुपमा उपयोग र विकास गरिदै लगिने छ।

४०. परशुरामधाम क्षेत्रमा **"परशुराम साहित्य महोत्सव (Parshuram Literature Festival) कार्यक्रम"** लाई निरन्तरता दिइने छ।

41. परशुराम नगरपालिकामा प्रचलित तर संकटमा पर्दै गएका "रनपुतला नाच", "छलीया बाजा र नाच", "रोपाई बाजा तथा संस्कृति", "मांगलिक गीत तथा फाग", "विषु पर्व", "साँस्कृतिक नाटक", "गौरा पर्व", आदिको संरक्षण, जगेर्ना र प्रचारप्रसारका लागि कार्यक्रमहरु सञ्चालन गरिने छ।

42. परशुराम नगरपालिका लाई धार्मिक पर्यटकिय एवम शैक्षिक हवका रुपमा विकसित गर्न युवा तथा शैक्षिक सम्मेलन आयोजना गरिने छ ।

43. **"वारीको परशुराम, पारिको पूर्णागिरी"** भन्ने भावना अनुरुप नेपाल र भारतका प्रमुख धार्मिक स्थल जोड्ने गरी धार्मिक पर्यटकीय सर्किट बनाउन पहल गरिनेछ ।

44. **"जाऔ परशुराम"** अभियान अन्तरगत परशुराम भ्रमण बर्ष घोषणा गरि आन्तरिक र बाह्य पर्यटकको आगमन लाई प्रवर्द्धन गरिने छ ।

45. परशुरामधाम क्षेत्र संरक्षण तथा व्यवस्थापन समितिलाई पुर्णता दिई, थप ब्यबस्थित गरिदै लगिने छ ।

46. नगरपालिका क्षेत्र भित्र रहेका बोडा ताल , तालखोला झरना,कोटडाडाँ सहिद स्मृति पार्क,शैलेश लिङ्गा, थगलेनी झरना,देवीकोट सहिद पार्क,पौराणिक बैजनाथ मन्दिर,बड्डी मलास,त्रिसुले थान,भागेश्वर नङर मन्दिर,बाईस ओखल,भागेश्वर धुराधाम,सिद्धनाथ मन्दिर लगायतका क्षेत्रलाई धार्मिक तथा पर्यटकिय क्षेत्रको रुपमा प्रवर्द्धन गरिनेछ ।

## युवा, उद्यम, सिप विकास तथा रोजगार

47. **मिसन रोजगारी** अन्तरगत परशुराम नगरपालिकामा सीप सहितको दक्ष एवम अनुभवी जनशक्ति उत्पादन गर्न प्रयाप्त लगानी गरि रोजगारी सृजना गरिने छ ।

48. **Skill Up Parshuram** कार्यक्रम अन्तरगत परशुरामका युवा जनशक्तिलाई दक्ष, सिर्जनशील तथा ब्यावसायिक बनाउन **परशुराम सीप मेला** लाई थप ब्यवस्थित र ब्यापक रुपमा सञ्चालन गरिने छ ।

49. परशुराम नगरपालिका भित्रका स्थानीय युवाहरुलाई उद्यमशिलता तर्फ प्रेरित तथा उन्मुख गराउन **युवा उद्यमशिलता ऋण** कार्यक्रम सञ्चालनमा ल्याइने छ।

50. नगरका युवाहरुको सिर्जनशीलता, उद्यमसीलता, नवीन सोच, सीप, ज्ञान तथा अनुभवको उपयोग गर्न **Parshuram Research and Innovation Centre** सञ्चालनमा ल्याइने छ।

51. नगरक्षेत्रबाट सार्वजनिक प्रशासनमा युवाहरुको प्रवेशलाई उत्प्रेरित गर्न सहजीकरण एवम् मार्गदर्शनका लागि लोक सेवा/प्रतिस्पर्धात्मक परीक्षाको तयारी कक्षा, **Career Counselling** कार्यक्रम सञ्चालन गर्ने कार्यलाई थप व्यवस्थित बनाउँदै निरन्तरता दिइने छ।

52. युवाहरुलाई उद्यमशीलता तर्फ आकर्षित गर्न **Mayor Business Cup** कार्यक्रम लाई वृहत रुपमा संचालन गरिने छ ।

53. परशुराम नगरपालिकाको रोजगार रणनीति निर्माण/अध्यावधिक गर्दै सिप तथा रोजगार बैंकको स्थापना गरिने छ ।

54. परशुराम नगरपालिकामा मनोसामाजिक परामर्श कार्यक्रम लाई ब्यबस्थित एवम प्रभावकारी रुपमा संचालन गरिने छ ।

55. परशुरामका युवाहरुका लागि स्वरोजगार तथा ब्यावसायिकता प्रर्वद्धन गर्न **Business Incubation** कार्यक्रम संचालनमा ल्याईने छ । साथै, विदेश बाट फर्केका युवाहरुबाट प्राप्त अनुभव, सिप, पुजि, उद्यमशिलताको उपयोग गरिने छ ।

56. **Mayor Counseling Corner** को स्थापना गरि युवाहरु लाई बिभिन्न बिधामा मार्गदर्शन गरिने छ ।

## खेल संरचना तथा खेलकुद

57. परशुरामको खेल क्षेत्रलाई गतिशिल बनाउन नगर गौरबको आयोजनाको रुपमा **क्रिकेट स्टेडियम** निर्माण कार्यलाई निरन्तरता दिइने छ।

58. परशुराम नगरपालिका वडा नं. ०४ मा रहेको पोखरी र पनपा ०७ को साँदनी खेल मैदानलाई **Multi-Purpose Stadium** को रुपमा स्तरोन्नती गरिने छ ।

59. परशुरामका खेलाडीहरुलाई प्रोत्साहन गर्न **Sports Scholarship** को ब्यवस्था गरिने छ ।

60. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिनिधित्व गर्ने परशुरामका खेलाडीलाई सम्मान गरिने छ ।

61. परशुराम नगरपालिकामा अन्तर पालिका स्तरीय खेलकूद प्रतियोगिता आयोजना गरिने छ ।

62. परशुराम मेयर उपमेयर कपलाई थप ब्यापक र व्यवस्थित गरि निरन्तरता दिइने छ ।

63. क्रिकेट र भलिबल लाई थप व्यवस्थित गर्न प्रशिक्षकको(Coach) व्यवस्था गरिनेछ ।

## लैंगिक समानता, महिला शसक्तिकरण र सामाजिक समावेशिकरण

64. **"ज्येष्ठ नागरिक अनुभवका खानी, बसालौं सम्मान गर्ने बानी"** भन्ने नाराका साथ ज्येष्ठ नागरिकहरुलाई सम्मान तथा तिर्थाटन कार्यक्रमलाई निरन्तरता दिइने छ।

65. आर्थिक रुपमा विपन्न, द्वन्दपीडित, सहिद परिवार तथा एकल महिलालाई आत्मनिर्भर बनाउन बजारकेन्द्रित आय-आर्जनमूलक कार्यक्रमहरुलाई निरन्तरता दिइने छ।

66. फरक क्षमता भएका ब्यक्तिहरुको लागि सहायक सामग्रीको व्यवस्था गरिने छ।

67. समाजमा महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, बालविवाह, बहुविवाह, छुवाछुत, लैङ्गिक विभेद, घरेलु हिंसा लगायतका क्रियाकलापहरुमा शून्य सहनशीलता अपनाइने छ। साथै, महिला सशक्तिकरणका कार्यक्रमलाई थप व्यापकता सहित निरन्तरता दिईने छ ।

68. बेसहारा, अशक्त, असहाय, अनाथ, अभिभावक विहिन, मानसिक तथा शारीरिक रूपमा कमजोर, सडक आश्रित मानवको उचित व्यवस्थापन गर्न विभिन्न निकाय संग समन्वय तथा सहकार्य गरिने छ ।

69. वडा तथा नगरस्तरीय बाल क्लब, नगरस्तरीय बाल सञ्जाल जस्ता संयन्त्रहरुलाई सक्रिय पारी बालबालिकाको सर्वाङ्गिण हक - हित, विकास र अधिकारको प्रत्याभूति दिलाइने छ।

७०. बालमैत्री विद्यालय, बालमैत्री वडा र बालमैत्री नगरपालिका घोषणा गर्ने नीतिलाई थप प्रभावकारी बनाउँदै निरन्तरता दिइने छ। साथै, कानूनले पूर्ण रुपमा निषेध गरेको छुवाछुत एवं बालविवाह मुक्त नगर बनाउने अभियानलाई निरन्तरता दिइने छ ।

७१. नगरपालिकाभित्र निर्माण हुने सरकारी एवम् सार्वजनिक भौतिक संरचनाहरुलाई अपांगमैत्री बनाइने छ।

७२. दलित, आदिवासी जनजाति, अल्पसंख्यक वर्ग समुदायलाई लक्षित गरी विभिन्न जनचेतनामूलक, परम्परागत र रोजगारमूलक कार्यक्रमहरु कार्यविधि बमोजिम सञ्चालन गरिने छ।

७३. आदिवासी, जनजाती र अल्पसंख्यक समुदायहरुको भाषा, संस्कृति, खाद्य संस्कृति, चालचलन, ज्ञान, सीप र प्रविधिको संरक्षण, संवर्द्धन र प्रचारप्रसार गर्ने नीति अवलम्बन गरिने छ।

## कृषि, पशुपालन, भूमिसुधार तथा उद्योग

७४. **"कृषि उत्पादनमा वृद्धिः नगरको समृद्धि"** अवधारणा अनुसार कृषिमा आधुनिकीकरण, व्यवसायीकरण, विविधिकरण तथा यान्त्रीकरणको लागि किसानहरुलाई **"कृषि यान्त्रीकरण र प्रतिफलमा आधारित कृषि अनुदान"** को व्यवस्था गरिनेछ। साथै नगरपालिकामा अगुवा कृषक परिचयपत्रको सुरुवात गरिने छ ।

७५. कृषि उत्पादनमा वृद्धि तथा युवा जनशक्तिलाई गाउँमै परिचालन गर्ने उद्देश्यले कृषकहरूलाई कृषि उत्पादनमा आधारित बैंक कर्जाको व्यवस्था गरेर नगरपालिकाले बैंक ब्याजमा अनुदान दिने व्यवस्था गरिने छ।

७६. नगरपालिकाका सबै वडाहरुमा उत्पादन हुन सक्ने वालीको सम्भाव्यता अध्ययन गरी पकेट क्षेत्र तथा ब्लक निर्माणका लागि "**नगरप्रमुख कृषि कार्यक्रम**" लाई निरन्तरता दिइनेछ। साथै, नगरभित्रका उत्कृष्ट कृषकहरुलाई पुरस्कृत र सम्मान गरिने छ।

७७. नगरपालिकाको वडा नम्बर १२ मा रहेको कृषि हाटबजार र कोल्ड च्याम्बरलाई थप व्यवस्थित रुपमा सञ्चालनमा ल्याइनेछ।

78. स्थानीय उत्पादनको पहिचान, वर्गीकरण र नक्सांकन गरी त्यसलाई वडागत वा क्षेत्रगत GIS नक्सा र Database मार्फत व्यवस्थित गरिनेछ। साथै, स्थानीय उत्पादनको Branding र प्रमाणीकरण गर्दै लगिने छ ।

79. सामुदायिक वनमा औषधीजन्य जडिबुटीको उत्पादन तथा उपयोगलाई प्रवर्द्धन गर्दै स्थानीय जडिबुटी उद्योगको स्थापना तथा सञ्चालनको कार्यका लागि प्रारम्भिक सम्भाब्यता अध्ययन गरिने छ।

80. कृषकले उत्पादन गरेका कृषि सामग्रीलाई समयमै बजारसम्म पु-याउन, संकटमा परेका पशु तथा कृषि सामग्रीको तत्काल ढुवानी गर्न नगरपालिकाले कृषि एम्बुलेन्स सेवा सञ्चालन गर्ने छ।

81. परशुराम नगरपालिकाले कृषकहरू, व्यापारीहरू र उपभोक्ताहरूको हितमा फलफूल, तरकारी, दूधजस्ता कृषिजन्य वस्तुहरू लामो समयसम्म ताजा राख्नको लागि कोल्ड स्टोरेजको उचित व्यवस्था गरिनेछ।

82. “**माटो नै जीवन हो”** भन्ने तथ्यलाई मध्यनजर गरी स्वस्थ माटो कार्यक्रम सञ्चालन गरिनेछ । गोठ सुधार, भकारो सुधार र खोर सुधार द्वारा गरिने मलको उत्पादन र जैविक विषादीमा अनुदान उपलब्ध गराउने व्यवस्था गरिनेछ साथै प्राङ्गारिक मल उत्पादनलाई प्रोत्साहन गरिने छ ।

83. स्थानिय कृषक तथा उत्पादन लाई प्रोत्साहन एवम प्रर्वद्धन गर्न कृषी हाट बजार तथा कृषी प्रर्दशनी मेला संचालन गरिने छ ।

## सहकारी र लगानी वातावरण

84. नगरको आर्थिक सामाजिक तथा पूर्वाधार विकासलाई प्रभावकारी एवम् सहभागितामूलक बनाउन सार्वजनिक-निजी-साझेदारी कार्यक्रम मोडेलको अवलम्बन गरिने छ ।

85. नगरमा लगानी मैत्री वातावरण निर्माणका लागि नीतिगत, कानुनी र संरचनागत सुधार गरिने छ।

86. यस नगरपालिकाभित्र दर्ता भएका सहकारी संस्थाहरुको एकिकरण, र डिजिटल कारोवारलाई प्रोत्साहन गर्दै **CoPoMIS** मा आबद्धता गरिने छ।

87. बित्तिय साक्षरता अभियान संचालन गरिने छ ।

८८. बैंक, सहकारी, निजी क्षेत्र, प्रवासी नेपाली लगायतका संस्था संग सहकार्य गरी परशुराम लगानी सम्मेलन/ Roundtable Dialogue को आयोजना गरिनेछ ।

८९. सहकारी संस्थामा सुधार ल्याउन अनुगमन लाई प्रभावकारी बनाउदै लगिने छ ।

९०. सहकारीमा रहेको पुजिँ लाई कृषी, प्रर्यटन तथा उत्पादनमुखी कार्यमा लगानी गर्न प्रोत्साहन गरिने छ ।

## पूर्वाधार विकास

९१. पूर्वाधार विकासको कार्यलाई ब्यवस्थित गर्न सञ्चालन गरिने सम्भावित ठूला आयोजनाहरुको **"परियोजना बैंक"** तयार गरिने छ ।

९२. परशुराम नगर क्षेत्रभित्र सिचाई तथा खानेपानी सेवा लाई दिगो, सुरक्षित, पर्याप्त र पहुँचयोग्य बनाउने निति लाई प्राथमिकतामा राखिने छ।

९३. नगरपालिका क्षेत्र भित्र नयाँ सडकको ट्र्याक खोल्ने कार्यलाई न्यून प्राथमिकता दिइ सञ्चालनमा रहेका बस्तीहरु जोड्ने मुख्य सडकहरुको स्तरोन्नतीमा जोड दिइने छ ।

९४. विगतका आर्थिक वर्ष देखि सञ्चालनमा रहेका विभिन्न उपभोक्ता समिति तथा ठेक्का माध्यमबाट सञ्चालित सम्पन्न हुन नसकेका योजनाहरुलाई पूर्णता दिइने छ ।

९५. लिप्ना-गैरीगाउँ-तिखाचुली-सापासेला-नायल-बुडर सडक निर्माण कार्यलाई रणनैतिक सडकका रुपमा निरन्तरता दिइने छ।

९६. आवश्यक रूटहरूमा नागरिकको सहज आवागमन तथा दिगो शहरी यातायात व्यवस्थापनका लागि नगर बस सेवा सञ्चालन गरिने छ।

९७. पोखरी सिचाई, लिफ्ट सिचाई, थोपा सिचाई, प्लाष्टिक पोखरी सिचाई, स्प्रिङ्कलर सिचाइ जस्ता वैकल्पिक सिचाईका योजनाहरुलाई प्राथमिकता दिइने छ।

९८. खहरे खोला नियन्त्रण र चुरे संरक्षणका लागि वायो-ईन्जिनियरिङ प्रविधिमा जोड दिइने छ।

९९. भवनको नक्सा पास प्रक्रियालाई कार्यान्वयनमा ल्याइनेछ। प्रचलित भवन निर्माण सम्बन्धी मापदण्ड बमोजिम निर्माण भएका तर नक्सा पास नगरिएका भवनहरुलाई अभिलेखिकरण गरिने छ ।

१००. जोगबुडा बजार क्षेत्रको बढ्दो सवारी चापलाई मध्यनजर गर्दै बजार क्षेत्रबाट पायक पर्ने उपयुक्त स्थानमा मिनि बस पार्क वा पार्किङ स्थापना गरिने छ ।साथै, बजार क्षेत्रको ट्राफिक ब्यबस्थापन लाई सहज एवम सरल बनाउदै लगिने छ ।

100.बजार क्षेत्र लगायतका अन्य मुख्य क्षेत्रहरुमा सरसफाई तथा सौन्दर्यकरणको कार्यक्रम गरिने छ ।

101.**"उज्यालो परशुराम"** नारालाई सार्थक बनाउन आगामी वर्षभित्र पूर्ण विद्युतीकरण गरिने छ ।

102. सार्वजनिक स्थल तथा जनताको आवत जावत अधिक हुने स्थानमा ब्यबस्थित एवम मौलिक प्रतिक्षालय र सार्वजनिक शौचालय निर्माण गरिने छ ।

103. कभर्ड हललाई थप व्यवस्थित गर्दै बर्षभरी नै बिभिन्न बिधाका खेलहरु खेल्न सकिने गरि सञ्चालनमा ल्याइने छ।

104. टेलिफोन टावरको संख्या वृद्धि तथा स्तरोन्नतीमा जोड दिइने छ। साथै नगरक्षेत्रभित्र इन्टरनेट तथा सूचना प्रविधिको विस्तारका लागि थप स्थानहरुमा अप्टिकल फाइबर विस्तार गर्ने कार्यलाइ निरन्तरता दिइने छ ।

105. नगरपालिकाका सार्वजनिक तथा संवदेनशील स्थानहरुमा सि.सि.टि.भी. जडान, High mast Light र Smart सडकबत्ती व्यवस्थापन कार्यको सुरुवात गरिने छ।

106. फोहोर ब्यवस्थापनलाई प्रभावकारी बनाउन बजार क्षेत्र तथा विद्यालयहरुमा बर्गीकृत फोहोर संकलनका लागि डष्टविनको ब्यवस्था मिलाइनेछ र फोहोर ब्यवस्थापन बारे विद्यालय तह देखि नै ब्यावहारिक शिक्षा लागु गरिने छ ।

107. फोहोरलाई आधुनिक पद्धतिबाट ब्यवस्थापन गर्न फोहोरमैला ब्यवस्थापन केन्द्रको स्थापना गरिने छ।

108. सहरि स्वास्थ्यकेन्द्र कुर्मुल्ले र आधारभुत स्वास्थ्य सेवा केन्द्र जमरानी मा बर्थिङ सेन्टर सुचारु गरिनेछ ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

109. **"प्रकृतिको संरक्षण, भविष्यको संवर्द्धन"** भन्ने सोचका साथ दीगो विकास, वातावरण संरक्षण, वृक्षारोपण तथा हरियाली प्रवर्द्धन, वातावरणीय स्वच्छता र वन तथा वातावरणीय सेवाको जिम्मेवार उपभोगमा जोड दिइनेछ। साथै परशुरामधाम क्षेत्र, सडक छेउछाउ, बजार क्षेत्र र विपद जोखिम क्षेत्रमा वृक्षारोपण अभियानलाई निरन्तरता दिइने छ।

110. नगरको विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन विपद् पूर्वतयारी, जनशक्तिको विकास, विपद् जोखिम नक्सांकन, भौतिक संरचनाको व्यवस्था, सम्बद्ध निकायहरुसँग प्रभावकारी समन्वय र सहकार्य तथा जनचेतना अभिवृद्धिलाई उच्च प्राथमिकता दिइने छ।

111. नगरपालिकामा आपतकालीन कार्यसञ्चालन केन्द्र मार्फत विपद् पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रमहरुलाई व्यवस्थित एवम् प्रभावकारी ढंगले सञ्चालन गरिने छ।

112. नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक वनहरुलाई राजस्वको दायराभित्र ल्याइनेछ। साथै नगरमा रहेका ताल, पोखरी, झरना, नदी नाला तथा सिमसार क्षेत्र र समग्र पारिस्थितिक प्रणालीको संरक्षणका लागि सम्बन्धीत निकाय सँग समन्वय गरी विशेष कार्यक्रमहरु संचालन गरिने छ।

113. नगरको प्लास्टिकमुक्त अभियानलाई प्रभावकारि बनाउन कडाइका साथ नियमन गरिने छ ।

114. वातावरणीय प्रभाव मूल्यांकन, दीगो विकासका मान्यता र आवश्यकताको विश्लेषण गरी रंगुन नदी जलाधारक्षेत्र भित्र व्यवस्थित क्रसर उद्योग स्थापनाका लागि सम्भाव्यता अध्ययन गरि आवश्यक प्रक्रिया अगाडी बढाइने छ।

115. बढ्दो जलवायु परिवर्तको असरले गर्दा हुन सक्ने प्रभावहरुलाई समुदाय स्तर बाटै न्यूनिकरण गर्ने हेतुले विपद संकटासन्न हरेक समुदायहरु एवम् महिला, बालबालिका, अपाङ्ग, बृद्ध र विशेष क्षमता भएका

नागरिकहरुको विपद् सम्बन्धी ज्ञान, सिप र क्षमता अभिवृद्धी गर्दै **विपद् उत्थानशिल नगरपालिका** बनाउन विशेष पहल गरिनेछ । साथै हरेक विकास निर्माणका योजनाहरुमा विपद् जोखिम न्युनिकरण लाई मुल प्रवाहीकरण गरिने छ ।

116.विद्यार्थीहरु लाई जलवायु परिवर्तन, अनुकुलन र विपद जोखिम न्युनिकरण तथा व्यबस्थापन सम्बन्धी बौद्धीक ज्ञान, सिप र चेतना अभिबृद्धीका लागि नगरपालिका स्तरिय हाजिरिजवाफ प्रतियोगिता **"Chair मा Mayor, विपद् का कुरा Share"** कार्यक्रम संचालन गरिने छ ।

117.**"डिजिटल जमानाका हामी, विपद् सुशासनका लागि डिजिटल प्रणालीमा लागानी"** नारा सहित विपद् व्यवस्थापन सम्बन्धीका सबै कार्यहरुलाई प्रविधिमैत्री बनाईदै लगिनेछ ।साथै घरधुरी स्तरिय विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन योजना (HDRMP) निर्माण गरि यस नगरपालिकाका सबै घरधुरीहरु लाई वितरण गरिने छ ।

118. यस नगरपालिकाको भुगोलाई मात्रै अध्ययन गरि बदलिदो मौसमले गर्दा हुने प्रभावहरु सहितको पुर्व जानकारी दिने प्रणाली **"प्रभावमा आधारित मौसम पुर्वानुमान (IBF) सेवा"** को निरन्तरता एवम् दिगो बनाउन बिशेष पहल गरिने छ ।

119. वातावरण संरक्षण, सरसफाई, फोहोरमैला व्यवस्थापन र प्राकृतिक स्रोतहरुको दिगो उपयोगमा घर परिवार तह देखि नै जिम्मेवार बनाउन **"हामि सबैको ऐक्यबद्धता, वातावरणमैत्री व्यवहारको प्रतिबद्धता"** नारासहित **वातावरणमैत्री नगरपालिका घोषणा** गर्न आवश्यक पहल गरिने छ ।

120. न्युन गुणस्तरको पलाष्टिक झोला, पलाष्टिकका कप र पलाष्टिकका गिलासहरु आयात, निर्यात, भण्डारण र प्रयोग गरिएको पाईएमा तत्काल कारवाही गरिनेछ ।साथै फोहोरमैला जथाभावी उत्सर्जन गर्ने, फाल्ने र नगरपालिकाले भने बमोजिम नगर्ने लाई नियमानुसारको आवश्यक कारवाही गरिने छ ।

121. जल,जंगल,जमिन,जैविक उर्जा ,जलाधार,जडिबुट्टी, जेन्डर ईक्वालिटी, जलवायु, ,जैविक विविधता आदिलाई प्रवर्द्धन गर्ने नीति लिईनेछ।

## संस्थागत विकास तथा सेवा प्रवाह

122. नगर प्रहरीलाई थप सुसज्जित र व्यवस्थित गरिनेछ । साथै, नगरपालिका क्षेत्र भित्र शान्ति सुव्यवस्था कायम गर्न नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र अन्य सुरक्षा निकायसँग प्रभावकारी समन्वय गरिने छ।

123. सार्वजनिक सेवा प्रवाहलाई सरल, सहज, पारदर्शी तथा व्यवस्थित बनाउन Online र Digital सेवालाई प्रोत्साहन गरिनेछ। साथै, नागरिक, कर्मचारी र जनप्रतिनिधी बीचको सम्बन्ध सुमधुर गर्दै मुस्कान सहितको सेवाको अवधारणा अवलम्बन गरिने छ ।

124. परशुराम नगरपालिका वडा नम्बर १ को कलेना, वडा नम्बर ३ को शीर्ष, वडा नम्बर ७ को गैरीखान, वडा नम्बर ८ को जमरानी, र वडा नम्बर ११ को सिमलवण्डमा थप प्रहरी पोष्ट स्थापनाका लागि पहल गरिने छ।

125. जनता र सरकार बीचको दूरी घटाउन र जनताको घर दैलोमा नै सेवा सुनिश्चित गर्न स्वास्थ्य, शिक्षा, योजना सम्झौता, सामाजिक सुरक्षा भत्ता वितरण लगायतका सेवा वडा र टोल स्तर मै सञ्चालन गरिने छ।

126. वार्षिक योजना तथा कार्यक्रम कार्यान्वयन लाई व्यवस्थित बनाउन शाखागत कार्ययोजना बनाएर खरिद प्रक्रिया र योजना सम्झौता पहिलो र दोस्रो त्रैमासिकमा सम्पन्न गरिसक्ने, अनुगमन, निरिक्षण र भुक्तानी प्रक्रिया तेस्रो त्रैमासिकमा र चौथो त्रैमासिकमा नयाँ बजेटको तयारी गरि योजना तथा बजेट तर्जुमा, निर्माण, कार्यान्वयन र अनुगमन मूल्याङ्कन पक्षमा सुधार गर्दै लगिने छ ।

127. परशुराम नगरपालिकाको आ.व २०८१।०८२ मा तयार भएका दस्तावेजहरु (सडक गुरुयोजना, आवधिक योजना, मध्यमकालिन खर्च संरचना, संगठन र व्यवस्थापन सर्वेक्षण आदि) लाई आधार मानेर नगरपालिकाको नीति, योजना तर्जुमा र कार्यान्वयनको मार्गदर्शनको रूपमा लिइने छ ।

128. स्वदेशी एवम् विदेशी मुलुकका नगरपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरिने छ।

129. जनताको सेवा प्रवाह गर्ने सबैभन्दा नजिकको निकाय वडा कार्यालयलाई स्रोत सम्पन्न र कर्मचारी सम्पन्न बनाई सेवा प्रवाहमा सुधार गरिदै लगिने छ। साथै, ई-हाजिरी लाई नगरपालिका अन्तर्गतका सबै कार्यालयमा व्यवस्था गरिनेछ ।

130. सार्वजनिक सेवा प्रवाहमा शुन्य सहनशीलताको नीति अवलम्बन गरिने छ ।

131. स्थानिय आर्थिक विकासको अवधारणा लाई अवलम्बन गरिने छ ।

132. अध्ययन तथा अध्यापन, अनुसन्धान तथा नवप्रवर्तनको विकासका लागि पुस्तकालयको स्थापना गरिने छ।

## आन्तरिक स्रोत र राजस्व परिचालन

133. आत्मनिर्भर स्थानीय अर्थतन्त्रको निर्माणका लागि नगरपालिकाले संकलन गर्ने राजस्वको क्षेत्र पहिचान गरि विद्यमान करका दर तथा दायरामा आवश्यकता बमोजिम परिमार्जन गरिने छ।

134. तोकिएको लक्ष्यभन्दा बढी राजस्व संकलन गर्ने वडालाई उत्कृष्ठ वडा घोषणा गरी सम्मान तथा पुरस्कृत गर्ने नीतिलाई अवलम्बन गरिनेछ।साथै व्यक्तिगत, व्यवसायिक र संस्थागत रुपमा नियमित र उदाहरणिय कर तिर्ने करदाताहरु मध्ये बाट उत्कृष्टलाई छनौट गरि उत्कृष्ट करदाता सम्मान गरिने छ ।

135. डिजिटल राजश्व प्रणाली लाई सुढृढीकरण गरि Mobile Apps / QR प्रणाली मार्फत पनि कर संकलन गर्ने प्रबन्ध मिलाइने छ ।

136.राजश्व प्रणालीमा सुधार र सुढृढीकरणका लागि राजश्व सुधार सम्बन्धी क्षमता अभिबृद्धीका कार्यक्रम संचालन गरिने छ ।

137. राजश्व सुधारका लागि गर्नु पर्ने कार्यहरुको पहिचान गरि सोका आधारमा राजश्वको प्रक्षेपण गर्ने कार्य लाई मार्गदर्शन गर्न राजश्व सुधार कार्ययोजना तयार गरिने छ ।

## न्यायिक समिति, कानुन, मानवअधिकार तथा मेलमिलाप

138 .न्यायिक समितिको क्षमता अभिबृद्धिका कार्यक्रम सञ्चालन गरिने छ ।नगरपालिकामा मेलमिलापकर्ताहरुको जनशक्ति थप गरिनुका साथै वडास्तरीय मेलमिलाप केन्द्रका पदाधिकारीहरु लाई अध्ययन तथा अवलोकन भ्रमण गराईने छ ।

139. उपलब्ध स्रोत साधन र संयन्त्रको उचित प्रबन्ध गर्दै सम्पूर्ण नगरबासीहरुलाई छिटो, छरितो, पहुँचयोग्य र प्रभावकारी न्याय सुनिश्चित गर्ने नीति अवलम्बन गरिनेछ।न्यायिक समितिको अग्रसरतामा राउटे, आदिवासी, एकल महिला, हिंसामा परेका महिला, अपाङ्ग, दलित, सीमान्तकृत समुदाय तथा वञ्चितीकरणमा परेको वर्ग समुदायलाई न्यायमा पहुँच अभिवृद्धि गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ।

140. कानूनमा आवश्यक समयसापेक्ष सुधारका लागि नगरपालिकाद्वारा जारी गरिएका स्थानीय कानूनहरुको आवश्यकता अनुसार संसोधन, परिमार्जन तथा एकीकरण गरिनेछ।साथै अन्य स्थानीय तहहरु सँग समन्वयमा कानूनविद्हरुको सहभागितामा कानून निर्माणमा भएका असल अभ्यासहरुको अनुभव आदान प्रदान कार्यक्रम आयोजना गरिने छ ।

141. परशुराम नगरपालिकाको आयोजनामा स्थानीय तहको न्याय सम्पादनको असल अभ्यासहरुको अनुभव आदानप्रदान गर्न न्यायिक समिति सम्मेलनको आयोजना गरिनेछ । साथै मेलमिलाप र बहसरोकारवाला द्वन्द रुपान्तरणका लागि कार्य गर्ने सरकारी तथा गैरसरकारी संघ संस्था सँग समन्वय गरी एकिकृत रुपमा मेलमिलाप तथा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

**अन्त्यमा,**

परशुराम नगरवासीको सर्वाङ्गिण विकास सँगै समृद्धि, शुशासन, सेवा प्रवाह  तथा तीव्र विकासको अपेक्षालाई उपलब्ध स्रोत साधनको समुचित प्रयोग गर्दै नगरवासीको आकांक्षा एवं आवश्यकता पुरा गर्ने सोच अनुरुप प्रस्तुत परशुराम नगरपालिकाको नीति तथा कार्यक्रम तर्जुमाका क्रममा सहयोग गर्ने सम्पूर्ण प्रति कृतज्ञता प्रकट गर्दछु ।

प्रस्तुत नीति तथा कार्यक्रमको सफल र सार्थक कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यक्रम र बजेटको विस्तृत विवरण सहितको प्रस्ताव यसै नगरसभाको आगामी बैठकमा प्रस्तुत हुने जानकारी गराउछु ।

नीति तथा कार्यक्रम कार्यान्वयनमा सवै सरोकारवाला पक्षहरुको निरन्तर सहयोग, समन्वय र सक्रिय सहभागीताको अपेक्षा गर्दै हालसम्म प्राप्त साथ सहयोग तथा समन्वयका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद !**
**जय परशुराम वासी ।**
**जय परशुराम।**